म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४० शुक्रबार, ४ बैशाख २०८३ ने. सं. ११४६ चौलागा 17 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खेलाडी अभाव टार्न १६ वर्ष मुनिकालाई प्रशिक्षण

हेटौंडा, ३ बैशाख/हेटौंडामा फुटबल खेलाडीको अभावमा हुन थालेपछि वडा कार्यालयले तत्परता देखाउँदै प्रशिक्षण सुरु गरेको छ । हेटौंडा उपमहानगरपालिका वडा २ को कार्यालयले १६ वर्ष मुनिकालाई लक्षित गरी तीन महिने प्रशिक्षण सुरु गरेको हो । प्रशिक्षणमा वडाभित्र बसोबास गर्नेसँगै वडाभित्र सञ्चालनमा रहेका एक सामुदायिक र दुईवटा संस्थागत गरी तीनवटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको वडा नम्बर २ का वडाध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिएका छन् । उनकाअनुसार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको खेलमैदानमा ३५ देखि ४० जनासम्म विद्यार्थी सहभागी हुने गरी प्रशिक्षण सुरु गरिएको छ । पछिल्लो समय नगर र जिल्लास्तरीय प्रतियोगितामा सहभागिता जनाउन फुटबल खेलाडीको अभाव हुँदै गएपछि वडा कार्यालयले विद्यालयस्तरबाट नै खेलाडी उत्पादन गर्ने निर्णयसहित प्रशिक्षण सुरु गरेको हो । प्रशिक्षणका लागि बालबालिका सार्वजनिकरुपमा आव्हान गरेपनि छात्रको मात्र सहभागिता रहेको वडासदस्य सुरज बर्तौलाले बताए । प्रशिक्षणका लागि प्रशिक्षकको प्रारिश्रमिक, खेलसामग्रीलगायत दुई लाख रुपैयाँ खर्च गर्ने योजना वडा कार्यालयले बनाएको छ ।

### मुख्यमन्त्री बानियाँले प्रधानमन्त्रीलाई भने: संविधान संशोधन गरेर प्रदेशका मन्त्री घटाऔं

## 'औषधीय प्रयोगका लागि गाँजा खुला गरौं'

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधान संशोधन गरेर प्रदेश सरकारमा मन्त्रीको संख्या घटाउन सुझाएका छन् ।



प्रधानमन्त्री बालेन्द्र शाहसँग बिहीबार भएको छलफलमा मुख्यमन्त्री बानियाँले संविधानमा अहिले रहेको २० प्रतिशतको व्यवस्था कार्यान्वयन हुँदा प्रदेशमा मन्त्रीको संख्या बढी देखिने गरेको र आलोचना हुने गरेको बताए । 'प्रधानमन्त्रीसँगको छलफलमा मैले संविधान संशोधन गरेर प्रदेश मन्त्रिपरिषद्को संख्या घटाउनुपर्छ भन्ने धारणा राखें,' प्रधानमन्त्रीसमक्ष राखेको धारणा सुनाउँदै बानियाँले भने, 'प्रदेशसभाको कूल सदस्य संख्याको २० प्रतिशतसम्म मन्त्री बनाउन पाउने व्यवस्थाले प्रदेशलाई आलोचित बनाइरहेको छ । बागमती प्रदेशले आफ्नो मन्त्रालयको संख्या घटाएर ७ बनाउँदैछ । यसले राज्यको प्रशासनिक खर्चमा कटौती हुनेछ ।'

छलफलमा मुख्यमन्त्री बानियाँले संघीय सरकारले संविधान संशोधनको प्रक्रिया अघि बढाउन छलफल थालेको सन्दर्भ उल्लेख गर्दै निर्वाचन प्रणालीमा समेत संशोधन आवश्यक रहेको बताएका थिए । 'संविधानमा अहिले रहेको निर्वाचन प्रणालीले स्थायित्व दिंदैन । अहिले जस्तो एउटै दलले बहुमत ल्याउने अवस्था सधैं रहँदैन । त्यसैले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित व्यवस्थामा जानुपर्छ भन्ने धारणा मैले राखेँ,' उनले भने, 'निश्चित भूगोल छुट्याएर समावेशी समानुपातिक प्रतिनिधित्वको विषय सम्बोधन गर्नुपर्छ । प्रदेशको मुख्यमन्त्रीको निर्वाचनसमेत प्रत्यक्ष नै गर्नुपर्छ ।'

उनले भूमि, वन र प्रहरी प्रदेशको प्रत्यक्षअधिकार प्रदेशभित्र नरहँदा सेवाप्रवाहमा समस्या परिरहेको चर्चा गरेका थिए । जमिनको अधिकार प्रदेश सरकारसँग नहुँदा बागमती प्रदेशले ८ वर्षसम्म आफ्नै मन्त्रालयका लागि आवश्यक भवन लगायतका पूर्वाधारसमेत निर्माण गर्न नसकेको कुरा मैले सुनाएँ । यसअधिको चुनावी सरकारले बाटो खोलिदिएपछि मात्र हामीले प्रक्रिया अघि बढाउन पायौं । यो विषय मैले प्रधानमन्त्रीसँग स्पष्ट राखेँ र संघीय संसद्बाट अविलम्ब ऐन निर्माण गरेर भूमि, वन र प्रहरीको अधिकार प्रदेशलाई दिइनुपर्छ भनेँ,' बानियाँले सुनाए ।

मुख्यमन्त्री बानियाँले औषधीय उपयोगिताको लागि गाँजाको प्रयोगको अधिकार दिइनुपर्ने बताएका छन् । छलफलमा मुख्यमन्त्री बानियाँले संघीय सरकारले नै कानुन बनाएर यस्तो अधिकार दिनुपर्ने बताएका हुन् । 'गाँजामा औषधीय गुणहरु छन् । सिंहदरबार वैद्यखानामै औषधिको रुपमा गाँजाको प्रयोग गरिन्छ भने यसलाई कानुनी व्यवस्था गरेरै किन अघि नबढाउने ?,' प्रधानमन्त्रीलाई सुनाएको सुझाव सुनाउँदै उनले भने, 'सुरुमा पकेटक्षेत्रकारुपमा मकवानपुरलगायत केही जिल्लाबाट यो सुरु गर्न सकिन्छ । संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा नियमन र अनुगमनको व्यवस्था गरेरै यसलाई प्रयोगको बाटो खोलिदिनुपर्छ ।'

छलफलमा प्रधानमन्त्री शाहले काठमाडौंलाई प्रदेश राजधानी हेटौंडासँग जोड्ने दक्षिणकाली-सिस्नेरी-भीमफेदी तथा फर्पिङ-कुलेखानी-भीमफेदी सडकबारे चासो राखेका थिए । जवाफमा मुख्यमन्त्री बानियाँले आउँदो आर्थिक वर्षभित्र दुवै सडकखण्डको पुनर्निर्माण सम्पन्न हुने बताएका थिए । उनले शिक्षा र स्वास्थ्य गरिबको पहुँचमा हुनुपर्ने भन्दै त्यस्तो व्यवस्था गर्न आग्रह गरेका थिए । जवाफमा प्रधानमन्त्रीले प्रत्यक विद्यालय र अस्पतालमा १० प्रतिशत विपन्नको लागि सिट सुरक्षित गरिने बताएका थिए ।

बानियाँले लगानीकर्तालाई आकर्षित गर्न झन्झटिला कानुनको संशोधन, वातावरणीय प्रभाव मूल्यांकनजस्ता काम निश्चित दिन तोकेरै पूरा गर्नुपर्ने व्यवस्थालगायत काममा संघीय सरकारले बाटो फुकाइदिनुपर्ने धारणा राखेका थिए ।

मुख्यमन्त्री बानियाँले संघीय सरकार र प्रदेश सरकार बीचको समन्वय, सहकार्य र सहअस्तित्वलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । मुख्यमन्त्री बानियाँले प्रदेशका समस्या, बजेट कटौती र प्रशासनिक चुनौतीबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । मुख्यमन्त्री बानियाँले केन्द्रबाट पठाइने प्रमुख प्रशासकीय अधिकृतको छोटो समयमै हुने सरुवाप्रति आपत्ति जनाए ।

कर्मचारीको अस्थिरताले कार्यसम्पादनमा समस्या भएको उल्लेख गर्दै उनले सचिव र प्रशासकीय अधिकृतको कार्यकाल कम्तिमा २ वर्ष सुनिश्चित गर्न माग गरे । यस विषयमा प्रधानमन्त्रीले सकारात्मक प्रतिक्रिया दिँदै कम्तिमा एक वर्षको कार्यकाल तोक्न सचिवहरुलाई निर्देशन दिएको बानियाँले बताए । बैठकमा मुख्यमन्त्रीले प्रदेशले पाउने समानीकरण, सशर्त र विशेष अनुदानको आकार घट्दै गएकोमा चिन्ता व्यक्त गरेको उनले जानकारी दिए । विगतमा १०० करोडसम्म हुने सशर्त अनुदान अहिले ३० करोडमा झरेको भन्दै मुख्यमन्त्री बानियाँले प्रदेशका गौरवका आयोजनामा केन्द्रले समन्वय र लगानी बढाउनुपर्ने बताए ।

विशेषगरी सडक पूर्वाधारलाई मजबुत बनाउन उनले आग्रह गरेका छन् । विपन्न नागरिकले शिक्षा र उपचार नपाएर निराशा हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने विषयलाई मुख्यमन्त्रीहरुले जोडदार रुपमा उठाएको उनले बताए ।

मुख्यमन्त्री बानियाँले भने, 'प्रमुख प्रशासकीय अधिकृतहरु ३ महिनामै फेरिने, कोही कामु भएर आउने र फेरि जाने गर्दा प्रदेश सरकार एउटा 'ट्रेनिङ सेन्टर' जस्तो भएको छ । गरिबले शिक्षा नपाएर निराश हुनुपर्ने र उपचार नपाएर मर्नुपर्ने अवस्था आउनुहुँदैन । यसको समाधानका लागि निजी विद्यालय र अस्पतालमा १० प्रतिशत 'बेड एन्ड बेन्च' (सिट र शैया) आरक्षणको व्यवस्थालाई प्रभावकारी ढंगले लागू गर्ने प्रतिवद्धता प्रधानमन्त्रीबाट आएको छ ।'

प्रधानमन्त्री बनेपछि शाहले पहिलोपटक मुख्यमन्त्रीहरुसँग छलफल गरेका हुन् । बैठकमा मुख्यमन्त्रीहरुले संघीयता कार्यान्वयन, संवैधानिक अधिकारको बाँडफाँट र प्रशासनिक जटिलताका विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । प्रधानमन्त्रीले सातै प्रदेशका मुख्यमन्त्रीलाई छलफलमा बोलाए तर, कोशी र सुदूरपश्चिम बाहेकका मुख्यमन्त्री छलफलमा सहभागी भएका थिए ।

## मकवानपुरमा चैतमै लागूऔषध कारोबारी ३८ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ मकवानपुर प्रहरीले चैत महिनामा अवैध लागूऔषधको कारोबारमा संलग्न ३८ जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको चैत महिनाको प्रगतिविवरणअनुसार अवैध सामग्री ओसारपसारमा संलग्न ५ वटा सवारी साधन सहित ३८ जनालाई नियन्त्रणमा लिइएको हो । त्यसैगरी उनीहरुको साथबाट १ सय ९१ किलो गाँजा, ४ सय ४५ मिलिग्राम हेरोइन, ३ किलो ४७८ ग्राम अफिम र ३४ पिस ट्रमाडोल बरामद गरिएको छ । अवैध मदिरा नियन्त्रण अभियान अन्तर्गत ४ हजार ५ सय लिटर तयारी घरेलुमदिरा र ७ हजार ५ सय लिटर कच्चापदार्थ बरामद गरी ७ जनालाई पक्राउ गरेका छन् ।

प्राकृतिक सम्पदा दोहनमा संलग्न २१ वटा सवारीसाधनलाई नियन्त्रणमा लिई १ लाख ७६ हजार रुपैयाँ जरिवाना गरेको छ । नागरिक सहायता कक्षका अनुसार महिनाभरीमा ६ हजार ३ सय ४४ जनाले कार्यालयबाट सेवा प्राप्त गरेका छन् । प्रहरीले बागमती गाउँपालिकाबाट एकथान भरुवा बन्दुकसहित एक जनालाई नियन्त्रणमा लिएको छ भने अर्को एक स्थानमा बेवारिसे अवस्थामा रहेको एकनाले भरुवा बन्दुकसमेत फेला पारेको छ । एक महिनाको अवधिमा जिल्लामा ३७ वटा सवारी दुर्घटना भएका छन्, जसमा ४ जनाको मृत्यु र १२१ जना घाइते भएका छन् ।

सवारी दुर्घटनामा परेका ८५ जनालाई प्रहरीले उद्दार गरेको थियो । ट्राफिक नियम उल्लंघन गर्ने १ हजार ६६९ जनालाई कारबाही गर्दा १५ लाख ५३ हजार रुपैयाँ राजस्व संकलन भएको प्रहरी जनाएको छ । अवैधरुपमा भन्सार छली ल्याइएका ७ लाख ४५ हजार ७८६ रुपैयाँ बराबरका सामान प्रहरीले बरामद गरेको छ । चैतमा जिल्लामा ६ वटा आगलागीका घटना हुँदा १८ लाख ४५ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । चैतमा ५ जना महिला र ५ जना पुरुष गरी कुल १० जनाले आत्महत्या गरेका छन् । यो अवधिमा जिल्ला प्रहरी कार्यालयमा परेका ११८ उजुरीमध्ये पुरानासहित १४३ वटा र जिल्ला प्रशासन कार्यालयबाट आएका १८ उजुरीमध्ये १५ वटा फछ्र्यौट भएको प्रहरीले जनाएको छ ।

प्रहरीको विवरणअनुसार चैत महिनामा महिला, बालबालिका तथा ज्येष्ठनागरिकतर्फ २६ वटा र घरेलुहिंसातर्फ २३ वटा उजुरी दर्ता भएका छन् । जिल्लामा अभद्र व्यवहारका २९ वटा, बैंकिङ कसुरका २० वटा र जबरजस्ती करणीका २ वटा घटना भएका छन् । प्रहरीले चालुमुद्दाका १२६ जना प्रतिवादीलाई पक्राउ गरेको छ भने फैसला कार्यान्वयन भइसकेका मुद्दामा ३७ जना प्रतिवादीलाई पक्राउ गरी ७४ लाख ६ हजार ३ सय रुपैयाँ बिगो रकम असुल गरेको छ ।

## बागमती प्रदेश केन्द्रित उद्यमशीलता सीप निर्माण कार्यक्रम सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ नेपालस्थित अमेरिकी दुतावासको आयोजनामा बागमती प्रदेश केन्द्रित उद्यमशीलता सीप निर्माण कार्यक्रम हेटौंडामा सुरु भएको छ ।

दुतावासले इन्टननेशल डेभलपमेन्ट इन्स्टिच्युट र आद्ययन्त एड्भाइजरीसँगको साझेदारीमा देशव्यापी उद्यमशीलता सीप निर्माण कार्यक्रमअन्तर्गत प्रदेशको राजधानी हेटौंडामा बिहिबार औपचारिकरुपमा सुरु गरेको हो । शुक्रबारसम्म हुने कार्यक्रममा पवित्रबहादुर गौतम र लज्जु श्रेष्ठ प्रशिक्षकको भूमिकामा रहेका छन् ।

नेपालका प्रमुख व्यवसायिक सहरमा सञ्चालन गरिने यस कार्यक्रमले प्रारम्भिकचरणमा रहेका उद्यमीलाई दिगो व्यवसाय निर्माण गर्न, लगानी आकर्षित गर्न, निर्यातउन्मुख बन्न, कृत्रिम बौद्धिकतालाई व्यवसाय विस्तारमा प्रभावकारीरुपमा प्रयोग गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो कार्यक्रम लुम्बिनी प्रदेशको नेपालगञ्जबाट सुरुभई धनगढी, विराटनगर, जनकपुर, हेटौंडा हुँदै भैरहवा र पोखरामा सञ्चालन हुनेछ ।

७ वटै प्रदेशका २ जना उद्यमी प्रत्यक्ष कार्यशाला तथा भर्चुअल प्रशिक्षण कार्यक्रमको श्रृंखलामा सहभागी हुने अपेक्षा दुतावासको रहेको छ । कार्यक्रमअन्तर्गत सञ्चालन हुने प्रशिक्षण सत्र व्यवसायका आधारभूत पक्ष, बजार पुष्टि, लगानीकर्तासँग प्रभावकारी संवाद, डिजिटल बजारीकरण तथा निर्यात तयारीमा केन्द्रित रहनेछन् । नेपालभर उद्यमशीलता सम्बन्धी सहयोगमा पहुँच विस्तार गर्दै यो कार्यक्रमले नेपालको नवप्रवर्तन प्रणालीलाई सुदृढ बनाउनुका साथै अमेरिका र नेपालबीचको आर्थिक सहकार्यलाई अझ अघि बढाउने अपेक्षा गरिएको छ ।

## चौबिसैघण्टा पूर्वसूचना र बाढी पूर्वानुमान सेवा सञ्चालन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ आगामी मनसुनलाई लक्षित गर्दै जल तथा मौसम विज्ञान विभागले सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न विस्तृत आपत्कालीन कार्ययोजना सार्वजनिक गरेको छ ।




विभागले मनसुन अवधिभर मौसम पूर्वानुमान, बाढी पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै चौबिसै घण्टा सेवा सञ्चालन गर्ने जनाएको छ । विभागका निमित्त महानिर्देशक अर्चना श्रेष्ठले मौसम पूर्वानुमान महाशाखा र बाढी पूर्वानुमान महाशाखा चौबिसै घण्टा सक्रिय रहने जानकारी दिएका छन् । 'तीनदिनसम्मको नियमित मौसम पूर्वानुमान दैनिक बिहान ८ र साँझ ६ बजे सार्वजनिक गरिनेछ भने विशेष अवस्थामा तीनदेखि पाँच दिनअगावै चेतावनीसहित विशेष बुलेटिन जारी गरिनेछ,' उनले भने, 'भारीवर्षा, मेघगर्जन, चट्याङ, हिमपातजस्ता जोखिमपूर्ण मौसम अवस्थाबारे समयमै जानकारी दिन रङ सूचकसहितको चेतावनी नक्सा प्रकाशन गरिने छ ।'

श्रेष्ठकाअनुसार देशभरका स्वचालित जल तथा मौसम मापनकेन्द्रबाट प्राप्त तथ्यांक वास्तविक समयमा विभागको 'वेबसाइट'मार्फत सार्वजनिक गरिनेछ । बाढी जोखिम न्यूनीकरणका लागि प्रमुख नदीहरु कोशी, गण्डकी, कर्णाली, बागमती, बबई र पश्चिमराप्तीमा तीन दिनअगावै बाढी पूर्वानुमान गरिने विभागले जनाएको छ । ससाना नदीमा हुने आकस्मिक बाढीको दुईदेखि ६ घण्टा अगावै सूचना दिने व्यवस्था मिलाइएको र देशव्यापी ठूलो बाढीको सम्भावना भएमा पाँच दिनअगावै पूर्वानुमान जारी गरिने विभागको तयारी छ ।

'जोखिमयुक्त क्षेत्र पहिचान गरी स्थानीय तहसम्म पूर्वसूचना पुऱ्याउन एसएमएस प्रणालीलाई अझ सुदृढ बनाइएको छ । नेपाल टेलिकम र एनसेलमार्फत बाढी प्रभावित क्षेत्रका सर्वसाधारण, जनप्रतिनिधि तथा सरोकारवाला निकायलाई निःशुल्क सन्देश पठाइनेछ,' श्रेष्ठले भने, 'विभागले ११५५ नम्बरको टोलफ्री सेवामार्फत बाढी (११५५-२) र मौसम (११५५-१) सम्बन्धी जानकारी मनसुन अवधिभर चौबिसै घण्टा उपलब्ध गराउने जनाएको छ । आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल (एक्स र फेसबुक) र इमेलमार्फत् पनि बुलेटिन तथा चेतावनी नियमितरुपमा सार्वजनिक गरिनेछ ।'

पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई प्राथमिकरुपमा जानकारी गराइने व्यवस्था गरिएको विभागले जनाएको छ । विशेष परिस्थितिमा प्रेस विज्ञप्ति जारी गरी सर्वसाधारणलाई सचेत गराइने विभागको भनाइ छ ।



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा सिमेन्ट उद्योगको भविश्य ?

हेटौंडा सिमेन्ट उद्योगलाई पुन: कसरी नियमितरुपमा सञ्चालन गर्न सकिन्छ ? भन्ने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको सांसद प्रकाश गौतमले बताएका छन् । यस विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको र सकारात्मक आश्वासन पाएको उनले बताएका छन् । आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ । रुग्ण उद्योगलाई पुन:सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक संकटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति उद्योगले भोग्दै आएको छ । सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै अएको हेटौंडा सिमेन्ट उद्योग पनि नियमित र पूर्णक्षमतामा सञ्चालन गर्न माग गरिएको हो । सिमेन्ट उद्योगलाई पुन: नियमित कसरी सञ्चालन गर्न सकिन्छ ? भन्ने विषयमा सांसद गौतमले प्राथमिकता दिएका छन् । हेटौंडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि संघीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताए । विद्युत् उपभोग गरेको महसुल बुझाउन सकिएको छैन । करिब ३०/४० करोड जति बक्यौता बाँकी छ रहेको छ । वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको यो उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।

अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ । केही समय अघि बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री बहादुरसिंह लामाले हेटौंडा सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्वको प्रदेशले पाएको खण्डमा नाफामा लैजाने दाबी गरेका थिए । मुख्यमन्त्री लामाले आफूले केही समयअघि संघीय सरकारसँग सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्व प्रदेश सरकारलाई दिन माग गरिएको तर, केन्द्रिकृत मानसिकता हाबी हुँदा संघ सरकारले स्वामित्व दिन नमानेको उल्लेख गरेका थिए । हेटौंडा सिमेन्ट मलाई दिनुस्, दुई वर्षभित्र नाफा कमाएर देखाईदिन्छु, हामी पनि प्रयोग गर्छौं भनेको तर, दिनै नचाहेन उनले बताएका थिए । कपडा उद्योगको पुनर्निर्माण गरेर सञ्चालन गर्ने प्रस्ताव पनि आफूले संघीय सरकारसमक्ष राखेको उनले बताएका थिए । भाषण गरेको जस्तै उद्योग चलाउन सहज छैन भन्ने हेक्का मुख्यमन्त्रीलाई नभएको जस्तो लाग्छ । ५० वर्ष अघिको टेक्नोलोजी रहेको हेटौंडा कपडा उद्योगले आजको विश्व बजारसँग कुनैपनि हालतमा प्रतिष्पर्धा गर्न सकदैन भन्ने कुराको जानकारी मुख्यमन्त्रीसँथ थिएन होला । अर्को कुरा भारत र चिनबाट आउने कपडासँग हाम्रो हेटौंडा कपडा उद्योगको उत्पादनले प्रतिष्पर्धा गर्नै सक्दैन भन्ने कुराको ज्ञान पनि थिएन होला । मुख्यमन्त्री वा मन्त्रीहरुले लगाएको कपडा युरोप र अमेरिकाबाट आयात भएका छन् । अमेरिकाबाट ल्याएका कपडा लगाएर हेटौंडा कपडा उद्योग चलाउँछु भन्नु जत्तिको लज्जास्पद भनाई अरु के नै होला र ? मंचमा बसेर भाषण ठोक्न जति सहज छ उद्योग संचालन गर्ने र खुलाबजार अर्थनीतिमा आफूलाई प्रतिष्पर्धीरुपमा उतार्न त्यत्ति सहज थिएन र छैन । नेपालको मौलिकता सबै लोप गराएर विदेशी संस्कृतिमा हामी रमाइरहेका छौं । प्रदेश सरकारलाई उद्योग दिए प्रत्येक वर्ष नाफा नै नाफा हुने गरी सञ्चालन गर्ने ग्यारेन्टी असम्भव छ । यस्ता खोक्रा भाषणले प्रदेश सरकारको गरिमा बढ्दैन । नेपालका सरकारी स्वामित्वका उद्योगका कर्मचारीले काम गर्दैनन् । हाजिर गरेर तलव पकाउँछन् यदि काम गरिहाले भने अतिरिक्त पैसा खोज्छन् । अर्कोतिर सरकारले चलाएको उद्योगमा सामान्य निर्णय गर्न महिनौं कुर्नुपर्ने पद्दती छ जतिबेला उद्योगले धेरै नोक्सानी ब्यहोर्नु परिसकेको हुन्छ । स्थानीयस्तरको जनशक्ति प्रयोग गरेर रोजगारीको अवसर सिर्जना गर्ने कुरा छन् जुन कार्यकर्ता पाल्ने बाहेक अरु केही हुनेवाला छैन । मुलुकमा काम गर्ने वातावरण छैन ।

श्रमगर्ने र पसिना बगाउनेको भन्दा राजश्व लुट्ने, सरकारी कोष ठग्नेलाई कदर गर्ने हाम्रो समाजको मानसिकता छ । यस्तो अवस्थामा उद्योगमा कामगर्ने श्रमिक पाउन मुस्किल छ । स्थानीयस्तरमै उपलब्ध जनशक्ति प्रयोग गरेर उद्योगलाई नाफामा लैजान सक्ने क्षमता प्रदेश सरकारसँग छैन । जुन कुरा बोल्नका लागि मात्र हो । स्थानीयस्तरकै वा स्वदेशी उत्पादन प्रयोग गर्ने नीति ल्याएर कपडा उद्योगलाई पनि नयाँ ढंगले सञ्चालन गर्न सकिने धारणा राम्रो हो तर, कार्यान्वयनमा लैजान फलामको च्युरा चपाएसरह हुन्छ । सरकारी तलव खाने कर्मचारी, जनप्रतिनिधिका बालबालिका सामुदायिक विद्यालयमा पढाउने घोषणा कागजमा सीमित भएको जस्तै हो स्थानीय उत्पादन प्रयोग गर्ने सरकारको नीति पनि । गाउँमा बसेर पशुपालन गर्ने किसानले हरेकदिन दूधबिक्री गर्न बजारमा ल्याउने गरेका छन् । उनीहरुले दूध बेचेको पैसाले ठाडो घाँटी लगाएर कोकाकोला दन्काइरहेको हुन्छन् । हाम्रो समाज कतातिर गइरहेको छ ? स्वदेशी बस्तु प्रयोग गर्ने नीति केवल भाषणका लागि एजेण्डा मात्र हुन सक्छ । हेटौंडा सिमेन्ट उद्योग संचालन गर्ने वातावरण बन्नेवाला छैन । हेटौंडा सिमेन्ट उद्योगले निजीक्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिष्पर्धा गर्ने अवस्था छैन । लगानीमैत्री वातावरण निर्माण गर्ने र सरकारी तहको अनुगमन, नियमन गर्ने विषयमा बहस गर्दा उपयुक्त होला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ बैशाख ५ गते शनिबार १८ अप्रिल २०२६ । प्रतिपदा, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३९ सूर्यास्त ६:३० । विश्व सम्पदा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# दश वर्ष पर्खेर, अध्यादेशमा फर्केर: निजामती कानून



✍ कमान थापामगर

३ असोज २०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी गर्दा संसारभरका मित्रराष्ट्रले नेपाललाई बधाई दिए । संविधानमा व्यवस्था गरिएका कैयौं प्रावधानले यसलाई उत्कृष्ट संविधान बनाएको भन्दै देशभित्र र बाहिर समेत प्रशंसा भयो । यसरी चर्चा पाएको नयाँ संविधान अब तीव्र गतिमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता राजनीतिक दलहरूले गरे । किनभने, संविधानको कार्यान्वयनसँग वर्षौंदेखि जोडिएका राजनीतिक अपेक्षा, आर्थिक समृद्धिका सपना जोडिएका थिए ।

संविधान कार्यान्वयन हुँदा मात्र नागरिकले डेलिभरीको महसुस गर्न पाउँथे । २००७ र त्यसयताका सबै साना-ठूला राजनीतिक आन्दोलन र संघर्षमार्फत राजनीतिक परिवर्तनका लागि कैयौं नागरिकले आफ्नो प्राण उत्सर्ग गरेका थिए । कैयौं अंगभंग, घाइते र बेपत्ता भएका थिए । यसरी कठिन संघर्षहरूबाट राजनीतिक परिवर्तनहरू प्राप्त गरेपछि पनि उनीहरूको मुहारमा खुसी आउन सकेन । कारण एउटै थियो, राजनीतिक परिवर्तनपछि बनेका सरकारले पनि डेलिभरी दिन सकेनन् । आखिर किन ?

हामी कस्तो विडम्बना सामना गरिरहेका छौं भने नयाँ संविधान जारी भएको दश वर्षसम्म पनि निजामती सेवा सम्बन्धी नयाँ ऐन बन्न सकेन । नागरिकसमक्ष राज्यका सेवा-सुविधा डेलिभरी गर्न सबैभन्दा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने भूमिकामा रहेको निजामती प्रशासन सञ्चालनका लागि नयाँ ऐन नबनेपछि ३३ वर्ष पुरानो कानूनबाट घिस्रिँदै घिस्रिँदै निजामती सेवा चलिरह्यो । १३ चैत २०८२ मा गठित नयाँ सरकारले ४५ दिनभित्र संघीय निजामती सेवा ऐन तर्जुमा गर्ने घोषणा गरेको छ । संघीय संसद्का दुवै सदनको चालु अधिवेशन अन्त्य भएकोले संघीय निजामती सेवा ऐन नियमित प्रक्रियाबाट नभई अध्यादेशको बाटोबाट जारी हुनसक्ने सम्भावना देखिएको छ । यो सन्दर्भमा सरकारले केही विषयमा विशेष ध्यान दिन जरूरी छ ।

### अध्यादेशको बाटो

निजामती विधेयक सरकारी विधेयक होइन । तर पनि विगतमा ऐन जारी हुन नसक्नुमा तत्कालीन संसद् भन्दा सरकारको बढी आलोचना भयो । वर्तमान सरकारले नयाँ कानून निर्माणको प्रक्रिया अघि बढाउँदै गर्दा निजामती सेवालाई थप व्यावसायिक, सेवामुखी, जनमुखी, परिणाममुखी, पारदर्शी र प्रविधिमैत्री समेत बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ । नियमित प्रक्रियाबाट निजामती विधेयक आउन नसकेपछि २०७५ मा अध्यादेश मार्फत कर्मचारी समायोजन ऐन ल्याइएको थियो । जसको जबरजस्त कार्यान्वयनले कर्मचारीहरूमा ठूलो विभेद सिर्जना गऱ्यो । ती विभेद र मर्काहरूको पुनरावलोकन सहित तीन तहको सरकार बीच कर्मचारीतन्त्रीय अन्तरसम्बन्ध कायम गर्दै निजामती सेवालाई कामयावी बनाउनुपर्नेछ ।

संसद्ले कानून तर्जुमा गर्दा राजनीतिक दल, प्रदेश र स्थानीय सरकार, सरोकारवाला पक्ष, विज्ञ प्रशासनविद्, जनता तथा सेवाग्राहीहरूसँग समेत खुला छलफल गर्ने तथा आवश्यक सल्लाह र सुझाव लिने गर्नुपर्छ । त्यसो गर्दा राम्रो कानून बन्ने, सबैले कानूनको अपनत्व लिने र कार्यान्वयन प्रभावकारी हुने हुन्छ । अध्यादेशमा संसदीय भूमिकामा संकुचन हुनुका साथै सरोकारवालासँग पर्याप्त छलफलको अभाव रहन्छ । तर यो विषय लामो प्रसव पीडामा गुज्रिरहेकोले संविधानको धारा ११४ बमोजिम तत्काल अध्यादेश जारी हुनुपर्ने विषय बनिसकेको छ ।

अध्यादेश जारी गर्दा संसद् लगायत सबै पक्षको सहभागिता, बहस, छलफल हुँदैन तर अध्यादेश जारी भएपछि बस्ने संसद् बैठकमा पेश हुनुपर्ने र ६० दिनभित्र दुवै सदनले स्वीकार गर्नुपर्ने संवैधानिक व्यवस्थाको कारण छलफलको गुञ्जायसै नहुने पनि होइन । यस सन्दर्भमा यहाँ निजामती कानूनमा समावेश हुनुपर्ने मुख्य विषयहरूलाई नितान्त व्यक्तिगत विचार र सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

### निजामती सेवाको गठन

नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको रूपमा संघीय निजामती सेवा उल्लेख भएको सन्दर्भमा ऐनको नाममा थप बहस गर्न जरूरी छैन । निजामती सेवा ऐन २०४९ मा विभिन्न १० वटा सेवा छन् । ती सेवाहरूलाई संविधानसम्मत ढाँचा अनुरुप बनाउन राज्यशक्तिको बाँडफाँट धारा ५७ का आधारमा १० सेवाहरूलाई भारतको अभ्यास जस्तै संघीय, केन्द्रीय र प्रादेशिक सेवामा विभाजन गर्न सकिन्छ । यसबाट तीन तहको सरकारमा कुन सेवाको कर्मचारीको भूमिका के रहने भन्ने स्पष्ट हुन्छ ।

### वृत्ति विकास

वृत्ति विकास पूर्वानुमानयोग्य हुनुपर्छ । सेवा समूह अनुसार धेरै छिटो बढुवा र धेरै ढिलो बढुवाले कर्मचारीतन्त्रको उत्प्रेरणामा ह्रास ल्याइरहेकोले सबै सेवामा बढुवाको सम्भावित समयावधि समान हुने व्यवस्था गर्नुपर्छ । ज्येष्ठता र शैक्षिक योग्यताको भार घटाई बढुवालाई कार्यक्षमता र कार्यसम्पादन मूल्यांकनमा आधारित बनाउनुपर्छ । नकारात्मक सूचीमा नपरेकाहरूलाई व्याच बढुवा गर्ने प्रणाली अवलम्बन गर्नुपर्छ ।

### कार्यसम्पादन मूल्यांकन

हालको कार्यसम्पादन मूल्यांकन प्रणाली कर्मकाण्डी छ । हाजिर मात्र लगाउने कर्मचारीलाई पनि १०० प्रतिशत अंक प्रदान गरिन्छ । पुनरावलोकनकर्ताले कर्मचारीको काम हैन नाम समेत नचिनेर मूल्यांकन गरिरहेको अनौठो अभ्यास छ । कार्यविवरण दिने अभ्यास कमजोर छ, कार्यविवरण अनिवार्य गर्नुपर्छ । वार्षिक र अर्धवार्षिक रूपमा कार्यसम्पादन गरिन्छ । त्यसो नभई कार्यसम्पादन मूल्यांकन मासिक रूपमा गरिनुपर्छ ।

नवप्रवर्तनको विकास र अभ्यास गरेको तथा जटिल प्रकृतिको जिम्मेवारी सम्पादन गरेको आधारमा थप अंक प्रदान गर्ने व्यवस्था राख्नुपर्छ । अधिकृत कर्मचारीको हकमा मातहत कर्मचारी, समान तहका सहकर्मी र सेवाग्राहीबाट समेत गोप्य मूल्यांकन गर्नुपर्छ । नतिजामा समय र खर्च समेत हिसाब गरी समान जिम्मेवारीमा भएकाहरूमा समान सूचकका आधारमा मूल्यांकन गर्ने व्यवस्था राख्नुपर्छ ।

### सेवा प्रवेश बिन्दु

निजामती सेवामा छड्के प्रवेशको व्यवस्थाले कर्मचारीले लोकसेवा तयारीमा धेरै समय खर्च गरे भन्ने आरोपमा आंशिक सत्यता छ । लोकसेवा तयारी गर्ने र गराउनेमा कर्मचारीहरूकै बोलवाला छ । तयारीकै लागि सुगममा सरुवा हुने प्रतिस्पर्धाले सरुवालाई अव्यवस्थित बनाउन भूमिका खेलेको छ । माथिल्लो तहहरूमा लिखित प्रतियोगिताबाट पदपूर्ति बन्द गर्नुपर्छ । उपसचिव र सहसचिव पदको खुला/आन्तरिक प्रतिस्पर्धाबाट हटाई शाखा अधिकृत र नायब सुब्बामा मात्र खुला पदपूर्ति गर्दा उचित हुन्छ ।

### तहगत व्यवस्था

प्रदेश र स्थानीय तहहरूमा अभ्यास भइसकेको तहगत व्यवस्थामा समेत एकरूपता ल्याउन श्रेणीलाई तहमा परिवर्तन गर्नुपर्नेछ । यसरी तहगत प्रणाली अवलम्बन गर्दा मुख्य सचिवको पद १४ तहमा रहने गरी अन्य पदहरूको सोही बमोजिम तह मिलान गरिनुपर्छ । तह ६, ८ र १० मा निकटतम तल्लो तहमा ५ वर्ष सेवा अवधि पूरा गरेकालाई तह वृद्धि गर्ने र बाँकी तहहरूमा रिक्त पदको संख्या अनुसार व्याच बढुवा गर्ने व्यवस्था हुनुपर्छ ।

### तीन तह सम्बन्ध

संविधानको धारा ३०२ अनुसार तीन तहको सरकारमा कर्मचारी व्यवस्थापन कर्मचारी समायोजन ऐन मार्फत भएको हो । प्रदेश र स्थानीय तहमा समायोजन भएका सबै कर्मचारीलाई संघीय निजामती सेवामा वृत्ति विकासमा समान अवसर हुनुपर्छ । पुन: एकपटकका लागि प्रदेश र स्थानीय तहमा समायोजन हुने व्यवस्था राखिनुपर्छ । यसले प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव तत्काल प्रदेशबाटै व्यवस्था गर्न सकिन्छ ।

प्रदेशको प्रमुखसचिव तह १३ संघीय निजामती सेवाको पद रहनुपर्छ । प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको कर्मचारी रहनुपर्छ । संघीय निजामती सेवाको तह ७ मा नियुक्ति गर्दा प्रदेश र स्थानीय सेवामा ५ वर्ष अनुभव पूरा गरेकाहरूबाट कम्तीमा ५० प्रतिशत अन्तर तह प्रतिस्पर्धाको व्यवस्था गर्नुपर्छ । यसले प्रदेश र स्थानीय तहमा सेवा प्रवेश गर्ने र अनुभव लिने लहर ल्याउँछ । तल्लो तहमा सेवा प्रवेश र अनुभव गरेका कर्मचारीहरूले नजिकबाट सेवाग्राहीको समस्या बुझेका हुन्छन् ।

संक्रमणकालीन व्यवस्थापनका लागि बढीमा १० वर्षसम्म प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत संघबाटै खटाउने व्यस्था गर्ने हो भने आगामी १२ वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन कम्तीमा दुई वर्ष प्रदेश सचिव वा प्रमुख प्रशासकीय अधिकृतको पदमा रहेर काम गरेको हुनुपर्ने व्यवस्था राख्नुपर्छ । यसले प्रदेश र स्थानीय तहमा कर्मचारीको सरुवा मागको चाप बढ्छ । अब प्रदेश निजामती सेवा ऐनहरूमा संघीय निजामती सेवा ऐन बमोजिम एकरूपताका लागि सुधार र संशोधन कार्य भने चुनौतीपूर्ण देखिन्छ ।

### सरुवा व्यवस्थापन

सरुवा व्यवस्थित गर्न हालको कानूनले पनि रोकेको छैन, तर कर्मचारी सरुवा सबैभन्दा आलोचित र विवादित बन्दै आएको छ । लोकसेवा पास गर्न सजिलो तर सरुवा गर्न कठिन छ भन्ने भनाइ विकास भइसकेको छ । कर्मचारी पनि मानिस हो, उनीहरूमा फरक-फरक मन, मुटु र दिमाग तथा ज्ञान, सीप र क्षमता हुन्छ भन्ने कुरा मनन गरिनुपर्छ । काज खारेज गर्नुपर्छ ।

एक मन्त्रालय वा अन्तर्गत सरुवा वा पदस्थापन भएका तह ८ सम्मका कर्मचारीलाई कम्तीमा ५ वर्ष र तह ९-१२ का कर्मचारीलाई कम्तीमा २ वर्ष सोही मन्त्रालयबाट सरुवा नगरिने व्यवस्था गर्नुपर्छ । प्राविधिक प्रकृतिका मन्त्रालयहरूमा आयोजना वा कार्यालयबाट २ वर्ष सरुवा नहुने सुनिश्चित हुनुपर्छ । सचिव पदमा पनि कम्तीमा १ आर्थिक १ मन्त्रालय गर्नु उचित हुन्छ । यति गर्न सके सफ्टवेयर नामको मान्छे चलाउने मेसिन आविष्कार गर्न जरूरी छैन । सफ्टवेयरले कर्मचारी होइन कर्मचारीले सफ्टवेयर चलाउनु व्यावहारिक हुन्छ ।

### भौगोलिक क्षेत्र

३३ वर्ष पहिले तोकिएका भौगोलिक क्षेत्रको पुनरावलोकन हुनुपर्नेछ । जिल्लागत होइन स्थानीय तहगत रूपमा भौगोलिक वर्गीकरण गर्नुपर्छ । सेवा, समूह र पद अनुसार दरबन्दी नरहेकोमा बाहेक ‘क’ वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा १ वर्ष काम नगरेको कर्मचारी बढुवाका लागि उम्मेदवार नै हुन नपाउने र ‘घ’ वर्गको भौगोलिक क्षेत्रमा काम गरेको नम्बर नपाउने व्यवस्था हुनुपर्छ । यसले दुर्गम क्षेत्रमा कर्मचारीले सरुवा माग्ने चाप बढेर जानेछ भने राजधानी र सुविधासम्पन्न स्थानमा सरुवा हुनु कारबाही भोगेसरह हुनेछ ।

### सेवाको सुरक्षा र विभागीय सजाय

कर्मचारीले असल नियतले राज्यको तर्फबाट आफ्नो ओहोदाको जिम्मेवारी पूरा गरेको सन्दर्भमा मुद्दा नचल्ने व्यवस्था हुनुपर्छ । हालको निजामती सेवा ऐनको दफा ५७ र ५८ हुबहु रहनुपर्छ । कार्यालय प्रमुखले ग्रेड थपको पुरस्कार र थप ग्रेड अनुसार कार्यसम्पादन मूल्यांकनमा थप अंक प्रदान गर्न सक्ने व्यवस्था गर्नुपर्छ । यसले चेन अफ कमान्डमा रहन र नतिजा दिन सहयोग पुग्छ ।

भ्रष्टाचार लगायत नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा स्वत: बर्खास्त हुन्छ । कार्यसम्पादन मूल्यांकनमा ५० प्रतिशतभन्दा कम अंक प्राप्त गरेमा, लगातार ३० दिन विना सूचना गैर हाजिर रहेमा, आफ्नो परिवारको सदस्यले विदेशको स्थायी आवासीय अनुमति लिएमा र अध्ययन बिदा सकिएको मितिले १५ दिनभित्र हाजिर हुन नआएमा सेवाबाट हटाउने कारबाही शुरु हुनुपर्छ । अन्य सामान्य सजायहरू सफाइको मौका दिई कार्यालय प्रमुखले नै गर्ने व्यवस्था हुनुपर्छ । यसले कार्यालयभित्र आचरण र अनुशासनको पूर्ण पालना गराउन सहयोग पुग्छ ।

### सेवा सुविधा

तलब तथा अन्य सुविधा कमजोर रहेकोले निजामती सेवामा आकर्षण घट्दो छ । तलब पुनरावलोकन वार्षिक बजेट मार्फत २/२ वर्षमा अनिवार्य हुनुपर्छ । हालको सुविधा यथावत् राखी परिवहन भत्ता, परिवार स्वास्थ्य, आवास, सन्तति शैक्षिक सुविधा र वार्षिक ७ दिन आन्तरिक पर्यटन काज सुविधा थप गर्दा कर्मचारीको त्प्रेरणा र उत्पादकत्व वृद्धि हुन्छ । अविवाहित युवा पुस्ताको सेवामा बढिरहेको प्रवेशलाई हेरेर सेवा अवधिभर एक पटक विवाह बिदा, महिला कर्मचारीलाई दुई सन्तानसम्म ६ महिना तलबी सुत्केरी बिदा थप गरी सातामा दुई दिन बिदा हुने भएपछि भैपरी आउने र पर्व बिदा १२ दिन खारेज गर्नुपर्छ ।

व्यक्तिगत सवारी सुविधा पाउने पदका कर्मचारीहरूलाई सञ्चय कोष र नागरिक लगानी कोषबाट १ प्रतिशत व्याजदरमा सेवा अवधिभर एक पटक मात्र अटो लोनको व्यवस्था गरी भन्सार छुट सुविधा दिने र सरकारी सवारी सुविधा खारेज गर्नुपर्छ । सबै कर्मचारीहरूलाई बढीमा २ प्रतिशत व्याजदरमा नेपालभर घरजग्गा ऋणको व्यवस्था गर्नुपर्छ ।

### उच्च तहमा पदावधि

संघीय निजामती सेवा ऐन जारी हुन विलम्ब हुनुमा मुख्य कारणमध्ये यी दुई विषयहरू पर्छन् । नयाँ राजनीतिक परिवर्तनसँगै सरकारको काम गर्ने शैलीलाई परिणाममुखी बनाउन अनुभवी कर्मचारीहरूको अपरिहार्यता रहन्छ, तर सरकारी सेवामा लामो समय ३० वर्ष वा सोभन्दा बढी सेवा गरेर जे-जति योगदान, सम्मान र सुविधा प्राप्त गरेको हुन्छ लामो समय एउटै प्रकृतिको काम नीरस र प्रत्युत्पादक हुन सक्छ । नव रक्तसञ्चार र पुरानो कार्य संस्कृति परिवर्तन गर्न ३० वर्ष सेवाअवधि पुगेका कर्मचारीहरूलाई अनिवार्य अवकाश दिने व्यवस्था गर्नुपर्छ । वृत्ति विकासलाई अनुमानयोग्य बनाउन र कर्मचारीमा मनोबल बढाउन तह १२, १३ र १४ मा क्रमश: ५, ३ र २ वर्षको पदावधि तोकिनुपर्छ ।

### कुलिङ पिरियड

संवैधानिक नियुक्तिलाई प्रतिस्पर्धामा आधारित बनाउने हो भने कुलिङ पिरियड आवश्यक छैन । योग्यता पुगेका सबैलाई प्रतिस्पर्धा गर्न समान हक हुनुपर्छ । भागबण्डामा आधारित नियुक्तिले निरन्तरता पाउने हो भने सरकारी सेवाका सबैलाई समान व्यवहार हुने गरी कम्तीमा दुई वर्ष कुलिङ पिरियड राख्नुपर्छ ।

### निष्कर्ष

निजामती कानून कर्मचारीको लागि मात्र हो कि सार्वजनिक सेवा प्रवाहमा सुधारका लागि हो ? भन्ने विषय महत्वपूर्ण छ । कार्यसम्पादन मूल्यांकन प्रणालीको उचित व्यवस्थाले मात्र जनता र कर्मचारी दुवै पक्षको भावना समेट्दछ । कामको उचित मूल्यांकन, पूर्वानुमानयोग्य वृत्ति विकास र स्पष्ट तहगत अन्तरसम्बन्धले कर्मचारीमा उत्प्रेरणा बढाउन सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# जैविक विविधता संरक्षणमा युवाको जिम्मेवारी

✍ नरेश बटाला

जैविक विविधताका दृष्टिले नेपाल एसियामा ११औं र विश्वमा ३१औं स्थानमा रहेको छ । यहाँ ११८ किसिमका पारिस्थितिक प्रणाली पाइन्छन् । यस तथ्यले नेपाल जैविक विविधतामा कति धनी छ भन्ने कुरा स्पष्ट पार्दछ । साथै, क्षेत्रफलका हिसाबले विश्वको केवल ०.१ प्रतिशत भूभाग ओगटेको नेपालमा विश्वका करिब ३.२ प्रतिशत वनस्पति प्रजाति, १.१ प्रतिशत स्तनधारी जीवजन्तु, ८.९ प्रतिशत चराचुरुङ्गी र ४ प्रतिशतभन्दा बढी उभयचर तथा सरिसृप पाइन्छन् । यी तथ्यले नेपाललाई विश्वकै प्रमुख जैविक विविधता सम्पन्न देशको रुपमा चिनाएको छ । नेपालको यस्तो समृद्ध जैविक विविधताको संरक्षण र संवर्द्धन गर्नु युवापुस्ताको प्रमुख दायित्व तथा जिम्मेवारी हुनु अपरिहार्य छ ।

कृषि जैविक विविधता नीति- २०६३ ले आकाशीय, स्थलीय, जलीय, सामुद्रिक र अन्य क्षेत्रमा रहेका जीवजन्तुहरूको पारिस्थितिक प्रणाली, त्यसको भागको रूपमा रहेको जीव र वनस्पतिको सम्बन्ध तथा विविधतालाई जैविक विविधता भनेको छ । यस्तै जैविक विविधता महासन्धि- १९९२ ले पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबीचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको विविधतालाई जैविक विविधता भनेको छ । यसर्थ पृथ्वीमा रहेका सम्पूर्ण जीव-जनावर, वनस्पति, सूक्ष्मजीव, पारिस्थितिक प्रणाली तथा तिनीहरुबीचको अन्तर सम्बन्धको समग्र रूपलाई जैविक विविधता भन्न सकिन्छ । मानव अस्तित्व, खाद्य सुरक्षा, स्वच्छ हावा, पानी, औषधि, ऊर्जा र वातावरणीय सन्तुलन सबै जैविक विविधतासँग प्रत्यक्षरूपमा जोडिएका हुन्छन् । तर औद्योगिकीकरण, शहरीकरण, वन विनाश, अव्यवस्थित विकास, प्रदूषण र जलवायु परिवर्तनका कारण विश्वव्यापीरूपमा जैविक विविधता तीव्र गतिमा क्षय हुँदै गइरहेको छ । यस्तो संकटपूर्ण अवस्थामा जैविक विविधताको संरक्षण आजको आवश्यकता मात्र नभई मानव सभ्यताको भविष्य सुरक्षित गर्ने प्रमुख आधार हो । जैविक विविधता संरक्षणमा परिवर्तनका संवाहक युवापुस्ताको भूमिका महत्वपूर्ण र आवश्यक छ ।

संयुक्त राष्ट्रसंघको वातावरण कार्यक्रमका अनुसार पृथ्वीमा रहेका करिब १० लाख प्रजाति निकट भविष्यमा लोप हुने जोखिममा छन् । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले सार्वजनिक गरेको रेड लिस्टअनुसार विश्वका करिब ४२ हजारभन्दा बढी प्रजाति संकटग्रस्त अवस्थामा छन् । यसले जैविक विविधता संरक्षणको चुनौती कति गम्भीर छ भन्ने कुरा स्पष्ट पारेको छ । नेपालजस्तो जैविक विविधताले भरिपूर्ण मुलुकमा यो चुनौती अझै संवेदनशील बन्दै गएको छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या ४२.५ प्रतिशत रहेको छ । यति ठूलो युवा जनशक्ति देशको सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनका लागि सबैभन्दा सक्रिय र सक्षम शक्ति हो । समाज परिवर्तनका हरेक निर्णायक आन्दोलनमा युवाको अग्रसरता प्रमुख कारक बनेको प्रमाणित भैसकेको छ । यही ऊर्जा, उत्साह र नवीन सोच जैविक विविधता संरक्षणमा परिचालन गर्न सकिएमा उल्लेखनीय सफलता हासिल गर्न सकिने कुरामा दुईमत नहोला ।

अनुसन्धान, नवप्रवर्तन र प्रविधिको प्रयोगमा पनि युवाको भूमिका उल्लेखनीय छ । जैविक विविधताको संरक्षण केवल परम्परागत उपायबाट मात्र सम्भव छैन । आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तन आवश्यक छन् । ड्रोन प्रविधिबाट वन निगरानी, जीपीएसमार्फत वन्यजन्तुको चालढाल अध्ययन, डिजिटल डाटाबेस निर्माण, मोबाइल एप्समार्फत अवैध चोरी सिकारी नियन्त्रणजस्ता नवीन अभ्यासमा युवालाई अग्रसर गराउन सकिन्छ । विश्व बैंकका अनुसार वातावरणीय प्रविधि क्षेत्रमा युवाको संलग्नताले संरक्षण प्रयासलाई ३० प्रतिशतसम्म प्रभावकारी बनाएको छ ।

नेपाल जलवायु परिवर्तनको दृष्टिले उच्च जोखिममा रहेको देश हो । ग्लोबल क्लाइमेट रिस्क इन्डेक्सका अनुसार नेपाल जलवायु जोखिममा परेका शीर्ष १० देशमध्ये पर्छ । हिमनदी पग्लिनु, बाढी, पहिरो, डढेलो, अनियमित वर्षा र खडेरीजस्ता प्राकृतिक प्रकोपले जैविक विविधतालाई गम्भीर असर पुऱ्याइरहेका छन् । यस्तो अवस्थामा युवाले जलवायु अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्बन गर्दै जैविक विविधताको संरक्षणमा अग्रणी भूमिका खेल्न सक्छन् ।

यस्तै जैविक विविधता संरक्षणका लागि युवाले खेल्न सक्ने भूमिका बहुआयामिक छ । सचेतना अभिवृद्धिमा युवाको योगदान अत्यन्त प्रभावकारी हुन्छ । आधुनिक सूचना प्रविधि, सामाजिक सञ्जाल र डिजिटल माध्यमको प्रयोगमार्फत युवाले जैविक विविधताको महत्व, संरक्षणका उपाय र जोखिमबारे जनचेतना फैलाउन सक्छन् । युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर ७० प्रतिशतभन्दा बढी युवा इन्टरनेट र सामाजिक सञ्जालमा सक्रिय छन् । यसले युवालाई सचेतना फैलाउने सशक्त माध्यम प्रदान गरेको छ । नेपालमा पनि पछिल्लो समय फेसबुक, टिकटक, युट्युब र ब्लगमार्फत वातावरण संरक्षण, वन संरक्षण, वन्यजन्तु संरक्षण र जलवायु परिवर्तन सम्बन्धी अभियानमा युवाको उल्लेखनीय सहभागिता देखिन थालेको छ । वृक्षरोपण, वन पुनर्स्थापना, नदी सफाइ, फोहोर व्यवस्थापन, प्लास्टिक प्रयोग न्यूनीकरण, सामुदायिक वन संरक्षण, जैविक खेती प्रवर्द्धनजस्ता कार्यमा युवाले सक्रिय भूमिका निर्वाह गरिरहेका छन् ।

क्रमश: पृष्ठ-३...

# १०० बढी नयाँ कानुन ल्याइँदै, मन्त्रालयहरू विधेयक निर्माणमा व्यस्त

काठमाडौं/सरकारले १०० बढी नयाँ ऐन निर्माण र संशोधन गर्न लागेको छ । यसका लागि विषय पहिचान गर्ने कार्य भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार १०३ वटा नयाँ ऐनका विषय र संशोधन गर्नुपर्ने ऐन पहिचान भएको छ । त्यसलाई प्राथमिकताका आधारमा अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित २२ वटै मन्त्रालयले काम गरिरहेका छन् ।



ऐन निर्माणको ढाँचा र विधायन ऐन अनुसार प्रक्रिया पूरा भए/नभएको विषय कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले हेरिरहेको छ । प्राथमिकता अनुसार ऐन निर्माणको लागि अन्य मन्त्रालयलाई ताकेता गर्ने काम पनि यही मन्त्रालयले गरिरहेको छ । १०० बढी नयाँ ऐन निर्माण र संशोधन गर्ने गरी तयार भएको विषयसूचीमध्ये ४० देखि ४५ वटा विधेयक आउँदो संघीय संसद्को अधिवेशनबाट पास गर्ने सरकारको तयारी छ । यस अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ संशोधन गर्दैछ । विधेयकको मस्यौदा तयार पारेर अगाडि बढाइसकेको छ ।

जनताको समय लिने लगायतका कार्य सकाएर अगाडि बढेको यो विधेयक अब मन्त्रिपरिषद् पुग्छ । मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संसद्मा पेश गर्छ । संघीय संसद्ले पास गरेर राष्ट्रपतिकहाँ पठाउँछ र राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनका रुपमा कार्यान्वयनमा आउँछ ।

**मन्त्रालयगत प्राथमिकता तय**

मन्त्रालयहरूले के कस्ता विधेयक ल्याउने भनेर प्राथमिकता तय गरेका छन् । अर्थ मन्त्रालयले राष्ट्र बैंक ऐन संशोधन विधेयक ल्याउँदैछ । नेपाल राष्ट्र बैंक ऐन २०५८ हालसम्म ९ पटक संशोधन भइसकेको छ । २०६३ सालमा पहिलो पटक संशोधन भएको थियो । त्यसपछि २०६६, २०७२, २०७३, २०७४, २०७५, २०७६, २०८० र २०८१ सालमा संशोधन भएको थियो । नयाँ सरकारले पनि पनि यो ऐन संशोधन गर्न खोज्दैछ । राष्ट्र बैंक ऐन संशोधन विधेयक अगाडि बढाउन अर्थ मन्त्रालयले कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृति लिइसकेको छ । तर, यसपटक के कस्ता विषयमा संशोधन गर्न लागिएको हो भनेर मन्त्रालयले खुलाएको छैन ।

यसबाहेक अर्थ मन्त्रालयले कर्मचारी संचय कोष ऐन २०१९ को दशौं पछक संशोधन गर्दैछ । यसको मस्यौदा तयार पारेर राय/सुझाव संकलन गरिँदैछ । संशोधित विधेयकमा कोषको संरचना, कार्यक्षेत्र र लगानी नीति व्यापक रूपमा विस्तार गर्ने व्यवस्था छ । परम्परागत बचत व्यवस्थालाई आधुनिक लगानी प्रणालीसँग जोड्दै कोषलाई प्रभावकारी वित्तीय संस्थाका रूपमा विकास गर्ने भनिएको छ । निवृत्तिभरण, उपदान र सामाजिक सुरक्षासँग सम्बन्धित कोष सञ्चालन गर्ने अधिकार थपिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कम्पनी ऐन संशोधन विधेयक ल्याउँदैछ । आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउने उदेश्लयसहित २०६३ सालमा बनेको यो ऐन यसअघि तीन पटक संशोधन भएको थियो । कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासनलाई अझ बढी सुगम, सरल र पारदर्शी बनाउने गरी चौथो पटक संशोधन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

**४/४ विधेयकमा काम गर्दै गृह र उर्जा**

गृह मन्त्रालय र ऊर्जा मन्त्रालय ४/४ वटा विधेयकमा काम गर्दैछन् । गृह मन्त्रालयले नेपाल प्रहरी विधेयक, सशस्त्र प्रहरी विधेयक, अध्यागमन सम्बन्धी विधेयक र गुप्तचर सम्बन्धी विधेयकमा काम गरिरहेको छ । सशस्त्र प्रहरी बल नेपाल विधेयक र नेपाल प्रहरी विधेयक अघिल्लो संसद्मा पनि आएको थियो । तर, गत भदौ २७ मा प्रतिनिधिसभा विघटन भएपछि दुवै विधेयक निष्क्रिय भएका थिए ।

नेपाल प्रहरी विधेयक प्रहरी समायोजनसँग समेत सम्बन्धित छ । मुलुक संघीय शासन व्यवस्थामा गएको एक दशकसम्म पनि संघीयता अनुकूलको व्यवस्थामा सुरक्षा निकायलाई लैजान नसकिएको भनेर भइरहेको आलोचनाकाबीच यो विधेयक अघिल्लो संसद्मा आएको थियो । तर, ऐनमा रुपान्तरित हुन सकेन । यसलाई वर्तमान सरकारले प्राथमिकतामा राखेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि चारवटा विधेयकलाई पहिलो प्राथमिकतामा राखेर काम गर्दैछ । यस अन्तर्गत जलस्रोत सम्बन्धी विधेयक, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, विद्युत् विधेयक, सिचाइँ विकास तथा व्यवस्थापन सम्बन्धी विधेयकमा काम भइराखेको छ । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयकको मस्यौदा बनेरै अगाडि बढिसकेको छ ।

**निष्क्रिय विधेयकहरू पुनः ल्याइँदै**

प्रतिनिसिधसभा विघटनका कारण निष्क्रिय भएका कतिपय विधेयकहरू पुन: ल्याइँदैछ । निष्क्रिय विधेयक अगाडि बढाउन मन्त्रिपरिषद्बाट पुन: विधेयक तर्जुमा गर्नु नपर्ने गरी निर्णय भएको छ । कानुन निर्माणलाई गति दिनका लागि यस्तो निर्णय गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

विगतमा निष्क्रिय विधेयक अगाडि बढाउन पनि पुन: विधेयक तर्जुमा गर्न मन्त्रिपरिषद्बाट स्वीकृति लिनुपर्ने व्यवस्था थियो । यसलाई बदलेर सरकारले निष्क्रिय विधेयक सम्बन्धित मन्त्रालयले सिधै मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्न सक्ने निर्णय गरेको हो । तथापि, विधेयक मन्त्रिपरिषद् लैजानु अगाडि मन्त्रालयभित्रको प्रक्रिया पूरा गर्नुपर्ने र जनताको राय लिनका लागि कम्तीमा सात दिनसम्म विधेयकको मस्यौदलाई सार्वजनिक गर्नुपर्ने प्रावधान छ ।

यस्तो निर्णय भएसँगै निष्क्रिय भएका कतिपय विधेयकमाथि धमाधम मन्त्रालयहरूमा काम हुँदैछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'मा काम गरिरहेको छ । यो विधेयक विघटित प्रतिनिधिसभामा अन्तिम चरणमा पुगेर रोकिएको थियो । मुलुक संघीयताको अभ्यासमा आएको एक दशक नाघ्दा समेत कर्मचारीतन्त्र केन्द्रीकृत शासन व्यवस्था अनुसार नै छ । यसकारण अब आउने यो विधेयकले संविधान र संघीयतालाई नयाँ सरकारले कुन रुपमा लिएको छ भनेर थाहा दिनेछ ।

यसबाहेक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन संशोधन विधेयक ल्याउँदैछ । यो विघटित प्रतिनिधिसभामा थिएन । सरकारले नयाँ विधेयक ल्याउन लागेको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी विधेयक ल्याउँदैछ । यो विधेयक विघटित प्रतिनिधिसभामा आएर ऐनमा रुपान्तरण हुन नसकेको विधेयक हो । यस बाहेकका निष्क्रिय विधेयकहरू पनि पुन: ल्याइँदैछ । संस्कृति,पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले दुई वटा विधेयकलाई प्राथमिकतामा राखेको छ । यस अन्तर्गत नेपाल नागरिक उड्ययन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा काम भइराखेको छ । यी दुवै विधेयक विघटित प्रतिनिधिसभामा थिए । प्रतिनिधिसभा नै विघटन भएपछि निष्क्रिय भएका थिए ।

**प्राथमिकतामा छैन- विद्यालय शिक्षा विधेयक**

विघटित प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक अन्तिम चरणमा पुगेर रोकिएको थियो । शिक्षामा तीन तहको सरकारको अधिकार क्षेत्र र दायित्वको विषय प्रष्ट पार्ने गरी आएको विधेयक विवादकाबीच अगाडि बढेको थियो । तर त्यसबेला पास हुन सकेन । नयाँ सरकारले भने यो विधेयकलाई प्राथमिकतामा राखेको छैन । बरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्राविधिक तथा व्यवसायिक सीप विकास ऐन ल्याउने विधेयक निर्माण गरिरहेको छ । यो विधेयक संघीय संसद्को आउँदो अधिवेशनबाट पास गर्ने सरकारको तयारी छ ।

रक्षा मन्त्रालयले दुई वटा विधेयकमा काम गरिरहेको छ । राष्ट्रिय सेवा दल र प्रतिरक्षा विश्वविद्यालय विधेयक ल्याउने गरी रक्षा मन्त्रालय अगाडि बढेको हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले 'सार्वजनिक सडक सुरक्षा तथा सार्वजनिक यातायात सम्बन्धी विधेयक'मा काम गरिरहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पनि दुई वटा विधेयक बनाइरहेको छ । एउटा साइबर सुरक्षासँग सम्बन्धित छ भने अर्को सञ्चार विधेयक छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक' ल्याउँदैछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय 'पशु वधशाला र मासु सम्बन्धी विधेयक'मा काम गरि रहेको छ । पशु स्वास्थ्य सम्बन्धी छुट्टै विधेयक पनि ल्याइँदैछ । खानेपानी मन्त्रालय 'खानेपानी विधेयक'मा काम गरिरहेको छ । कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय पनि विभिन्न विधेयक निर्माणमा छ । यस अन्तर्गत बैवाहिक बलात्कार सम्बन्धी विधेयक ल्याउने तयारी छ । गम्भीर यौनजन्य हिंसा र बलात्कारपछि हत्यासँग सम्बन्धित विधेयकमा काम भइराखेको छ ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले पहिलो निर्णय नै यही गरेकी थिइन् । १३ चैतमा पदभार सम्हाल्दै उनले जबरजस्ती करणी र जबरजस्ती करणीपछि हुने हत्या, यौनजन्य हिंसालगायत कसुरका दोषीलाई दण्ड सजाय तथा पीडितलाई न्यायका लागि कानुनका अवरोध संशोधन गर्ने निर्णय गरेकी थिइन् । तयारीमा रहेका केही मुख्य विधेयक

१. सार्वजनिक खरिद विधेयक - प्रधानमन्त्री कार्यालय
२. नेपाल राष्ट्र बैंक विधेयक - अर्थ मन्त्रालय
३. कर्मचारी संचय कोष विधेयक - अर्थ मन्त्रालय
४. कम्पनी विधेयक - उद्योग मन्त्रालय
५. जलस्रोत विधेयक - ऊर्जा मन्त्रालय
६. नवीकरणीय ऊर्जा विधेयक - ऊर्जा मन्त्रालय
७. विद्युत् विधेयक - ऊर्जा मन्त्रालय
८. सिँचाइ विकास व्यवस्थापन विधेयक - ऊर्जा मन्त्रालय
९. नेपाल प्रहरी विधेयक - गृह मन्त्रालय
१०. सशस्त्र प्रहरी विधेयक - गृह मन्त्रालय
११. अध्यागमन सम्बन्धी विधेयक - गृह मन्त्रालय
१२. गुप्तचर सम्बन्धी विधेयक - गृह मन्त्रालय
१३. संघीय निजामती विधेयक- संघीय मामिला मन्त्रालय
१४. स्थानीय सरकार सञ्चालन विधेयक- संघीय मामिला मन्त्रालय
१५. मानव बेचबिखन नियन्त्रण विधेयक - महिला मन्त्रालय
१६. नागरिक उड्ययन प्राधिकरण विधेयक - पर्यटन मन्त्रालय
१७. नेपाल हवाई सेवा प्राधिकरण विधेयक - पर्यटन मन्त्रालय
१८. प्राविधिक तथा व्यवसायीक सीप विकास विधेयक - शिक्षा मन्त्रालय
१९. राष्ट्रिय सेवा दल विधेयक - रक्षा मन्त्रालय
२०. प्रति विश्वविद्यालय विधेयक - रक्षा मन्त्रालय
२१. सडक सुरक्षा तथा सार्वजनिक यातायात विधेयक- भौतिक पूर्वाधार मन्त्रालय
२२. साइबर सुरक्षा विधेयक - सञ्चार मन्त्रालय
२३. सञ्चार विधेयक - सञ्चार मन्त्रालय
२४. रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक- स्वास्थ्य मन्त्रालय
२५. पशु वधशाला र मासु विधेयक- कृषि मन्त्रालय
२६. पशु स्वास्थ्य विधेयक - कृषि मन्त्रालय
२७. बैवाहिक बलात्कार सम्बन्धी विधेयक - कानुन मन्त्रालय
२८. गम्भीर योनजन्य हिंसा सम्बन्धी विधेयक - कानुन मन्त्रालय
२९. बलात्कारपछि हत्यासँग सम्बन्धित विधेयक- कानुन मन्त्रालय

*(स्रोत: अनलाइनखबर)*

# फोटो पत्रकारका समस्या समाधानमा सहयोग गर्ने सभामुखको प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे) नेपालमा आवद्ध फोटोपत्रकारको एक टोलीले सभामुख डीपी अर्यालसँग भेटगरी संसदीय रिपोर्टिङका क्रममा फोटोपत्रकारले भोग्नुपरेका समस्या अवगत गराएका छन् ।

सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भएको भेटमा एनएफपीजे नेपालका अध्यक्ष प्रदीपराज वन्त नेतृत्वको टोलीमा सस्थाका पदाधिकारीको सहभागी रहेको थियो । अध्यक्ष वन्तले सभामुख अर्याललाई पदभार सम्हालेकोमा बधाई दिँदै फोटो पत्रकारले कार्यक्षेत्रमा सामना गरिरहेका विभिन्न चुनौतीबारे जानकारी गराएका थिए । उनले विशेषगरी संसद् परिसरमा काम गर्ने फोटो पत्रकारलाई आवश्यक सहजीकरणका लागि समन्वयात्मक पहल आवश्यक रहेको उल्लेख गरेका थिए ।

भेटको क्रममा सभामुख अर्यालले हाल संसद् बैठक सञ्चालन भइरहेको स्थान अस्थायी रहेको उल्लेख गर्दै नयाँ संसद् भवन सञ्चालनमा आएपछि यस्ता समस्या क्रमश: समाधान हुने विश्वास व्यक्त गरेका छन् । नयाँ भवन सञ्चालनका लागि आवश्यक तयारी तीव्ररुपमा अगाडि बढाइएको र निकट भविष्यमै नयाँ भवनमा वैठक सुरुगर्ने योजना रहेको उनले बताए । फोटो पत्रकारको पेशागत हकहित र कार्यसुविधा सुनिश्चित गर्न आफू सकारात्मक रहेको उल्लेख गर्दै सभामुख अर्यालले आवश्यक सहयोगका लागि प्रतिबद्धता व्यक्त गरे ।

# 'परालको आगो'को ट्रेलरमा दुई जोडीको कथा



काठमाडौं/२०८१ सालमा राष्ट्रिय अवार्ड जित्न सफल फिल्म 'बुलाकी'का निर्देशक लक्ष्मण सुनारको तेस्रो निर्देशकीय फिल्म 'परालको आगो'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच निर्माण पक्षले चार मिनेटभन्दा लामो मर्मस्पर्शी ट्रेलर दर्शकमाझ ल्याएको हो । ट्रेलरले दुई विवाहित जोडीको कथा पेस गरेको छ ।

ट्रेलर अनुसार प्रकाश सपूत र सुहाना थापा नवविवाहित दम्पतीको भूमिकामा छन् । सुरुमा उनीहरूबीच अगाध मायाप्रेम देखिन्छ । तर, विस्तारै घरायसी कुरामा असमझदारी उत्पन्न हुँदा त्यसले झगडाको रुप लिन्छ । यसपछि सुहाना माइतीमा बस्न थाल्छिन् । प्रकाशले भने घरायसी काममा दु:ख पाएको देखाइएको छ । उनीहरूबीचको मायाप्रेम र झगडाकै वरिपरि ट्रेलर घुमेको छ ।

ट्रेलरमा अर्का दम्पती सौगात मल्ल र सृजना अधिकारी भने आर्थिक रुपमा कमजोर भए पनि खुसी देखिन्छन् । फिल्ममा सौगातले जुठे पात्रको भूमिकामा अभिनय गरेका छन्, जो पेसाले दमाईं हो । यो पात्र असल र समझदार देखिन्छ । उनको पात्रमार्फत महिलालाई सम्मान गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । समग्रमा ट्रेलर दृश्यभाषाको हिसाबले प्रभावशाली देखिन्छ ।

वैशाख ११ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा किशोर भण्डारी, शंकर आचार्य, सरिता भण्डारी, कुल बहादुर अधिकारी, मन्जिला बाँनिया, रेनु न्यौपाने लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । हरिओम सिने मेकर्सका सुशील पोखरेल लगानीकर्ता रहेको फिल्ममा सुशील देवकोटाको पटकथा तथा संवाद लेखन छ ।

आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्ग्रहित 'परालको आगो' कथाबाट प्रेरित भनिएको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, किरण तुलाधरको पार्श्व संगीत, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ ।

# जैविक विविधता संरक्षणमा....

वन तथा वातावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरूमा सञ्चालन भएका वृक्षारोपण तथा वन संरक्षण अभियानमा सहभागी हुनेमध्ये ६० प्रतिशतभन्दा बढी युवा छन् । यसले जैविक विविधता संरक्षणमा युवाको भूमिका कति प्रभावकारी बन्दै गएको छ भन्ने स्पष्ट पारेको छ ।

अहिले नेपाल मात्र होइन, विश्वव्यापीरूपमै जैविक विविधता संरक्षणमा युवाको योगदान उल्लेखनीय बन्दै गएको छ । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म हासिल गर्ने लक्ष्य राखेका १७ दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य १४ (समुद्री जीवन संरक्षण) र लक्ष्य १५ (स्थलजीव संरक्षण) प्रत्यक्षरूपमा जैविक विविधतासँग अन्तर सम्बन्धित छन् । यी लक्ष्यहरूको कार्यान्वयनमा युवा सहभागितालाई केन्द्रीय भूमिका दिइएको छ । संयुक्त राष्ट्रसंघको 'युथ फर नेचर' अभियानअन्तर्गत विश्वभर लाखौं युवा जैविक विविधता संरक्षणका कार्यक्रममा संलग्न छन् ।

नेपालमा पनि विभिन्न गैरसरकारी संस्था, सामुदायिक समूह, युवा क्लब र शैक्षिक संस्थामार्फत जैविक विविधता संरक्षण अभियान सञ्चालन भइरहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार पछिल्ला वर्षहरूमा वन्यजन्तु संरक्षणसम्बन्धी स्वयंसेवी अभियानमा युवाको सहभागिता ४० प्रतिशतले वृद्धि भएको देखाएको छ । यस्तै चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, सगरमाथा तथा लाङटाङ क्षेत्र संरक्षण क्षेत्रमा युवाले संरक्षण, अनुसन्धान र पर्यटन व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् ।

यति ठूलो सम्भावनाबीच चुनौतीका चाङ पनि कम छैनन् । बेरोजगारी, सीप अभाव, प्रविधिमा असमान पहुँच, नीति निर्माण प्रक्रियामा कमजोर सहभागिता र ग्रामीण क्षेत्रका युवाको अवसर सीमित हुनु प्रमुख समस्या हुन् । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर युवा बेरोजगारी दर वयष्कको तुलनामा दोब्बर छ । नेपालमा पनि प्रत्येक वर्ष लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य बनीरहेका छन् ।

जसले जैविक विविधता संरक्षणमा आवश्यक जनशक्ति अभाव सिर्जना भएको महसुस हुन थालेको छ । यस्ता तमाम चुनौतीको समाधानका लागि राज्य, निजी क्षेत्र, शैक्षिक संस्था र नागरिक समाजबीच आवश्यक समन्वय हुनु जरुरी छ । जैविक विविधता संरक्षणसम्बन्धी शिक्षा पाठ्यक्रममा समावेश गर्नु, अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनु, हरित उद्यमशीलतालाई प्रोत्साहन गर्नु, युवा-मैत्री नीति निर्माण गर्नु र नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ ।

साथै युवालाई केवल कार्यक्रमका सहभागी होइन, नीति निर्माण र निर्णय प्रक्रियामा प्रमुख साझेदारका रूपमा सँगसँगै अगाडि लैजानु अपरिहार्य बन्दै गएको छ । जैविक विविधता संरक्षण केवल वातावरणीय मुद्दा मात्र नभई मानव अस्तित्व, सामाजिक न्याय र आर्थिक दिगोपनसँग प्रत्यक्ष गाँसिएको साझा जिम्मेवारी हो । यस अभियानको सफलताका लागि युवा पुस्ताको ऊर्जा, सिर्जनशीलता र परिपक्व नेतृत्व अपरिहार्य छ । सचेत, जिम्मेवार र प्रतिबद्ध युवा पुस्ताले नै जैविक विविधताले भरिपूर्ण, सुन्दर र सुरक्षित नेपाल निर्माणलाई सम्भव बनाउन सक्छन् । आज युवाले लिएको सानो कदमले भोलिका पुस्ताका लागि ठूलो आशा र सम्भावनाको ढोका खोल्न सक्छ । त्यसैले जैविक विविधता संरक्षणमा युवाको निर्णायक तथा नेतृत्वदायी भूमिका विकल्प मात्र होइन, आजको अनिवार्य आवश्यकता समेत हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# अनमोल एक वर्षलाई 'प्याक', यस वर्ष चार फिल्म खेल्न

काठमाडौं/अभिनेता अनमोल केसीका लागि २०८२ अद्भूत वर्ष रह्यो । गत असोजमा प्रदर्शन भएको उनी अभिनीत फिल्म 'जेरी अन टप'ले उनको करिअर लाई नै टपमा पुर्‍यायो । घरेलु बक्स अफिसमा मात्र करिब साढे १२ करोड कमाएको यो फिल्मबाट उनले आफ्नो स्टारडम मात्र प्रमाणित गरेनन्, अभिनयलाई लिएर हुने आलोचना पनि धेरै हदसम्म रोक्न सफल भए ।

'जेरी अन टप'को व्यावसायिक सफलतापछि यतिबेला अनमोलको फिल्ममा माग फेरि बढेको छ । उनले बुधबार फेसबुक र इन्स्टाग्राममार्फत सार्वजनिक गरेको फिल्मको लाइनअपले पनि यो पुष्टि गर्छ । उनले चार फिल्मको लाइनअप सार्वजनिक गरेका छन्, जसमा बुबा भुवन केसी निर्देशक रहेको 'बाटुलो जून'देखि 'जेरी अन टप'को दोस्रो भाग (सिक्वेल)सम्म छ ।

अनमोलले 'बाटुलो जून'को छायांकन लगभग सकाइसकेका छन् । अब यो फिलमको बढीमा १० दिनको छायांकन बाँकी छ । यसपछि उनले फिल्म 'ए मेरो हजुर ५'को छायांकन सुरु गर्नेछन् ।

दशैंपछि उनी क्यूएफएक्सका प्रमुख नकिम उद्दिनको फिल्म 'बिभोर वी मेट'मा काम गर्ने तयारीमा छन् । वर्षको अन्तिममा भने उनले 'जेरी : द लास्ट क्लाइम्ब'लाई समय दिने जनाइएको छ ।

यसरी हेर्दा अनमोलको सेड्युल यस वर्षका लागि 'प्याक' भएको देखिन्छ । अब उनले यी चार फिल्मको छायांकन पूरा नभएसम्म नयाँ फिल्म साइन नगर्ने बुझिएको छ । निकट स्रोतका अनुसार उनले 'बाटुलो जून'बाहेक अन्य तीन फिल्ममा ५० लाखभन्दा माथि पारिश्रमिक लिएका छन् । अर्थात् तीन फिल्मबाटै उनले डेढ करोडमाथि कमाएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### वित्तीय समानीकरण अनुदान कटौतीप्रति मन्त्री तामाङको आपत्ती

# जग्गा खण्डीकरण अधिकार प्रदेशलाई दिन माग

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ घरजग्गा रजिस्ट्रेसन तथा खण्डीकरणको अधिकार प्रदेश सरकारलाई दिन अर्थमन्त्रीसँग प्रदेश सरकारले माग गरेका छन् ।

बिहीबार अर्थ मन्त्रालयमा बसेको अन्तरसरकारी वित्त परिषद्को बैठकमा सातै प्रदेशका अर्थमन्त्रीहरुले संघीय सरकारसँग यस्तो माग गरेका हुन् । उनीहरुले प्रदेश सरकारको मुख्य आम्दानीको स्रोत घरजग्गा र जिस्ट्रेसन तथा खण्डीकरण भएको तर, सबै अधिकार संघीय सरकारमा रहेको भन्दै यस्तो माग गरेका हुन् । बैठकमा सातै प्रदेश सरकारका अर्थमन्त्रीको प्रदेश आर्थिक मामिला परिषद्का निर्णय सुनाउँदै यस्तो माग गरेका हुन् । प्रदेश आर्थिक मामिला परिषद्को तर्फबाट सातै प्रदेशका साझा धारणा राख्दै बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेशको मुख्य आयस्रोत घरजग्गा रजिस्ट्रेसन शुल्क भएपनि सहरी विकास र भूमि ऐनका नाममा जग्गा खण्डीकरणको अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गर्नु माग गरे ।



यो व्यवस्था संघमै सीमित राखिँदा प्रदेशको राजस्व खुम्चिएको मन्त्री तामाङले बताए । काठमाडौँ उपत्यका विकास प्राधिकरण जस्ता संस्थाले आफैँ पनि काम नगरेको र निजीक्षेत्रलाई पनि रोकेर राखेको भन्दै उनले जग्गा खण्डीकरण सम्बन्धी व्यवस्था प्रदेशलाई हस्तान्तरण गर्नुपर्नेमा जोड दिए । ४० प्रतिशत राजस्व प्रदेशलाई नदिने स्थानीय तहलाई कडाइ गर्न कानुन संशोधनको माग पनि प्रदेश सरकारले गरेका छन् । ढुंगा, गिटी, बालुवालगायत प्राकृतिक स्रोतबाट उठ्ने राजस्वमध्ये ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेशको सञ्चित कोषमा जम्मा हुनुपर्ने व्यवस्था भएपनि स्थानीय तहले प्रदेशलाई रकम नदिएको भन्दै उनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ संशोधन गर्न माग गरे ।

स्पष्ट कानुनी व्यवस्था नहुँदा स्थानीय तहले प्रदेशको खातामा रकम जम्मा नगरेको उनको गुनासो छ । संघीय सरकारले प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदानको सम्पूर्ण रकम अनिवार्यरुपमा निकासा गर्न माग गरे । मन्त्री तामाङले अनुदान कटौती गर्ने र टुक्रे योजना पठाउने संघीय प्रवृत्तिप्रति गम्भीर असन्तुष्टि जनाए । मन्त्री तामाङले संघीय बजेटको आकार बढिरहँदा प्रदेशमा पठाइने वित्तीय समानीकरण अनुदान भने निरन्तर घटिरहेको तथ्यांक प्रस्तुत गरे । 'पहिले प्रदेशमा १२३ अर्ब जति समानीकरण अनुदान पठाइन्थ्यो, अहिले त्यो घटेर ९८ अर्बमा झरेको छ तर, संघको बजेट भने १३ खर्बबाट बढेर २१ खर्ब पुगिसक्यो,' उनले भने ।

राजस्व संकलनको अवस्था हेरेर तेस्रो र चौथो किस्ता रोक्ने व्यवस्था खारेज गर्न पनि उनले माग गरे । यस्तै, मन्त्री तामाङले संघीय सरकारले सशर्त अनुदानका नाममा कार्यक्रम तोकेर पठाउने साटो प्रदेश र स्थानीय तहले छनोट गरेका नतिजामुखी आयोजनाका लागि एकमुष्ट रकम पठाउनुपर्ने बताए । आर्थिक वर्षको बीचमा प्रदेशको बजेट प्रणालीमै नभएका सशर्त कार्यक्रम पठाउँदा कानुनी र कार्यान्वयनको समस्या आएको उनको भनाइ छ । यसैगरी, ट्राफिक प्रहरीले गर्ने नियम उल्लंघनको जरिवाना रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने र इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स एन्ड भेहिकल र जिस्ट्रेसन सिस्टममा प्रदेशको पूर्णपहुँच हुनुपर्ने माग राखे ।

सहकारी संस्थाले जग्गा खरिद गर्दा पाउँदै आएको रजिस्ट्रेसन शुल्क छुटको व्यवस्था परिमार्जन गर्नुपर्ने मन्त्री तामाङले बताए । ठुला बचत तथा ऋण सहकारीले कार्यालय वा भवन निर्माणका लागि जग्गा किन्दा दिइने छुटले प्रदेशको राजस्व घटेको भन्दै उनले यस्तो सुविधा कृषि, उत्पादनमूलक र लक्षित समुदायमा सञ्चालित सहकारीलाई मात्र दिनुपर्ने प्रस्ताव राखे । साहसिक तथा मनोरञ्जनात्मक पर्यटन एजेन्सी र ३ तारेसम्मका होटलको दर्ता तथा नवीकरणको अधिकार प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रदेशको माग छ ।

त्यस्तै, ६ देखि ७ हजार मिटरसम्मका हिमाल आरोहणको रोयल्टी प्रदेशले पाउनुपर्ने र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सोही आर्थिक वर्षभित्रै बाँडफाँट गरिसक्न मन्त्री तामाङले आग्रह गरे । हालसम्म पनि अघिल्लो वर्षको रोयल्टी प्रदेशले नपाएको उनले खुलाए । कृषि कर्जामा राष्ट्र बैंकको ग्रेस पिरियडसम्बन्धी नीति अव्यवहारिक रहेको उनले बताए । 'किबीखेती गर्दा फललाग्नै ४ वर्ष लाग्छ तर, बैंकले एकवर्षमै किस्ता तिर्न ताकेता गर्छ, यस्तो मनिटरी पोलिसीमा परिमार्जन आवश्यक छ,' उनले भने ।

संघीय सरकारले मदिरा ऐन लगायत कानुन बनाउँदा प्रदेशको अधिकारक्षेत्रमा हस्तक्षेप गरेको र संघीय क्याबिनेटले निर्णय गरेर प्रदेशलाई अप्ठ्यारो पार्ने काम गरेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । मत्स्यपालन र खानेपानी आयोजनामा पनि अन्य कृषि आयोजना जस्तै विद्युत् महसुलमा छुट दिनुपर्ने, प्रदेशस्तरका विद्युत् आयोजनाको अधिकार प्रदेशलाई नै दिनुपर्ने र संघबाट प्रदेशमा हस्तान्तरण भएका कार्यालयको सम्पत्ति र पूर्वाधार तत्काल प्रदेशलाई दिनुपर्ने प्रदेश सरकारको माग छ ।

# कृषिउत्पादन प्रवर्द्धन गर्न आयातमा कडाई गर्नुपर्छः कृषिमन्त्री पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकासमन्त्री मधुसुदन पौडेलले कृषि तथा पुष्प व्यवसायको प्रवर्द्धन गर्न आयातमा कडाई गर्नुपर्ने बताएका छन् ।



राष्ट्रिय फलफूल विकास केन्द्रले आयोजना गरेको १६ औँ वागवानी कार्यशाला गोष्ठीमा उनले केन्द्रीय सरकारले कृषि तथा पुष्पजन्य वस्तुको आयातमा कडाई गर्ने नीति लिनुपर्ने बताए । हाल कृषि तथा पुष्प व्यवसाय घट्दो अवस्थामा रहेको भन्दै मन्त्री पौडेलले यसलाई पुनर्जीवित गर्न विदेशी वस्तुको आयातमा नियन्त्रण आवश्यक रहेको बताए । उनले कृषिउपज, फलफूल तथा पुष्पजन्य वस्तु बाहिरबाट आउँदा नेपालका किसान समस्यामा परेको उल्लेख गरे । आयातमा कडाईको लागि प्रदेश सरकारले संघीय सरकारसँग लविङ गरिरहेको उनले जानकारी दिए ।

नेपाली किसानको संरक्षणका लागि सरकारले कडा नीति लिनुपर्ने उनको भनाई छ । उनले कृषि तथा पुष्पजन्य व्यवसाय प्रवर्द्धनको लागि तीनवटै तहका सरकारको समन्वय आवश्यक रहेको बताए । प्रदेश सरकारले मात्रै यसको प्रवर्द्धन गर्न नसक्ने उनको भनाई छ । तरपनि प्रदेशभित्र रहेको कृषि तथा पुष्प व्यवसायलाई प्रदेश सरकारले विशेष प्राथमिकतामा दिएर बजेट विनियोजन गरेको जानकारी दिएका छन् । यसक्षेत्रमा अनुसन्धान विस्तार गर्न प्रदेश सरकारले आगामी आर्थिक वर्षमा अझै प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने उनको भनाई छ ।

उनले रोजगारी सिर्जनाका लागि पुष्प तथा कृषिक्षेत्र महत्वपूर्ण रहेको बताए । युवा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई अन्त्य गर्न आन्तरिक अवसरको पहिचान र विकास आवश्यक रहेको उनको भनाई छ । रोजगारीको नयाँक्षेत्र कृषि तथा पुष्प व्यवसाय हुने उनले बताए । 'नेपालजस्तै जैविक विविधता भएको मुलुकमा हामीले संसारलाई वितरण गर्न सक्ने फूल व्यवसाय, अन्न व्यवसायको बीउको खानी हुनुपर्ने हो । संसारलाई पुग्ने बीउ हामीले वितरण गर्नसक्नु पर्ने हो, त्यति धेरै बहुआयामिक भएको विविधतायुक्त जलवायू हामीसँग छ । पुष्पको कुरा पनि त्यही हो । तर, हामीले यसलाई कम महत्व दिएका छौँ, अब यसमा ध्यान दिन जरुरी छ ।'

'वागमती प्रदेश सरकारले पुष्प व्यवसायको अनुसन्धानको क्षेत्रलाई बढाउन बजेट राखेका छौँ, आगामी वर्षको बजेटमा हामीले यसलाई बढाउनेछौँ । यो क्षेत्रमा रोजगारी सिर्जना गर्ने सम्भवना हामीले अलि बढि देखेका छौँ' मन्त्री पौडेलले भने, 'रोजगारीको लागी हाम्रा युवा खाडीमा गएका छन् तर, हामीले हाम्रो देशभित्रै रोजगारी सिर्जना गर्ने अवसरको पहिचान राम्रोसँग गर्न सकिरहेका छैनौ । रोजगारीको अवसर पहिचान गर्ने महत्वपूर्ण क्षेत्र पुष्प व्यवसाय हो । हाम्रो देशको कृषि व्यवसा, पुष्प व्यवसाय पछिल्लो समय घट्दो अवस्थामा छ ।'

यो व्यवसायलाई प्रवर्द्धन गर्नको लागि केन्द्र सरकारले नै विदेशबाट आउने वस्तु नियन्त्रण गर्न कडा नीति लिनुपर्ने बताउँदै 'विश्व व्यापारका कुरा आउला तर, नेपाली किसानको रक्षाको लागि नेपाल सरकारले कडा नीति बनाउन आवश्यक छ' उनले भने । मन्त्री पौडेलले नेपालजस्तो जैविक विविधताले भरि पूर्ण देशले बीउ, अन्न र पुष्प उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्नसक्ने ठूलो सम्भावना रहेको बताएका छन् । तर, यसको पर्याप्त उपयोग हुन नसकेको उनको भनाई छ । संसारलाई पुग्ने बीउ उत्पादन गर्ने क्षमता भएपनि त्यसलाई प्राथमिकता दिन नसकेको उनले बताए ।

# नमुनाप्रगति सहकारीद्वारा शेयरसदस्यलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ३ बैशाख/ हेटौंडा-२ देवीपथमा रहेको नमूनाप्रगति बचत तथा ऋण सहकारी संस्थाले विभिन्न ब्यक्तिलाई विहिवार एक कार्यक्रमको आयोजना गरी सम्मान तथा पुरस्कृत गरेको छ ।

राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष मीठाराम दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाले सम्मान तथा पुरस्कृत गरेको हो ।

संस्थाले मातातीर्थ औंशीको अवसर पारेर ज्येष्ठ शेयर सदस्य, उत्कृष्ट बचतकर्ता, ऋणी, विद्यार्थी र संस्थाका कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरेको हो । संस्थाले ज्येष्ठ शेयरसदस्य एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, यसोदादेवी चौरेल, उत्कृष्ट बचतकर्ता सुदर्शन अधिकारी, गीता मुक्तान, उत्कृष्ट ऋणी कविता खड्का, विनोद ढकाल र उद्यमी छ्योईसँगदोर्जे लामा र बालबचतकर्ता अनुपम रिमाल र अंशु काफ्लेलाई पुरस्कृत गरिएको थियो ।

स्नातकमा उत्कृष्ट अंक हासिल गर्ने रोशन पौडेल, आभास श्रेष्ठ, स्मृति दाहाल, सदीक्षा धिमाल, कक्षा १२ मा उत्कृष्ट अंक हासिल गर्ने सविना दाहाल, सफल अधिकारी र २०८१ सालको एसईइमा उत्कृष्ट अंक हासिल गर्ने उज्ज्वल रेग्मी र सृष्टि दवाडीलाइ पुरस्कृत गरेको थियो । संस्थाले ७० वर्ष उमेर पुगेको ५० जना शेयरसदस्य र कर्मचारीतर्फ लेखापाल अनुराधा हुमागाईलाई पुरस्कृत गरेको हो ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटा, संस्था उपाध्यक्ष एकालाल श्रेष्ठ, सञ्चालक समितिका पदाधिकारी, लेखासमिति, सल्लाहकार, शेयरसदस्य, सञ्चारकर्मी लगायतको सहचागिता थियो ।

हालसम्म संस्थामा २ हजार ७ सय ५ जना शेयरसदस्य रहेको ब्यवस्थापक बद्रीप्रसाद भण्डारीले बताए ।

**हेटौंडा उपमहानगरपलिका**

**२ नं. वडा कार्यालय**

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

## निमोनिया विरुद्धको खोप लगाउन चाहने जेष्ठ नागरिकहरुले नाम दर्ता गर्ने सम्बन्धि सूचना !

हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयबाट वडा भित्रका जेष्ठ नागरिकहरुको लागि निमोनिया विरुद्धको खोप लगाउने गरी ५४ भायल खोप खरिद गरि मिति २०८१।०२।१९ मा १६ जना जेष्ठ नागरिकलाई खोप लगाई बाँकी रहन गएको ३८ थान खोप लगाउन यस २ नम्बर वडाका टोल विकास संस्थाहरुलाई नामावली उपलब्ध गराई दिनुहुन भनि पत्राचार गरी नामहरु प्राप्त भएको भएतापनी कतिपय घरधुरी टोल विकासमा समावेश नभएको कारणले नामहरु नआएको बुझिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

मिति २००६ साल भन्दा पहिले जन्म भएका खोप लागाउन ईच्छुक जेष्ठ नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ सात दिन भित्र वडा कार्यालयमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन पेश गर्नु हुन अनुरोध छ । प्राप्त निवेदनहरु संकलन गरि जेष्ठताको आधारमा खोप लगाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपलिका**
**२ नं. वडा कार्यालय**

## ऋण तिर्न आउने बारेको अन्तिम २१ दिने सूचना !

*दोस्रो पटक प्रकाशित मिति (२०८३/०१/०४ शुक्रबार २१ दिने सूचना ।*

यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणी सदस्यले उपभोग गरेको ऋण कर्जाको समय समयमा बुझाउनु पर्ने साँवा ब्याज बिलम्ब ब्याज तथा अन्य दैदस्तुर आदी नबुझाई बाँकी राख्नु भएको र तपाईलाई पटक पटक मौखिक एवम् लिखित रुपमा तरताकेता गर्दा समेत ऋण कर्जाको साँवा ब्याज र बिलम्ब ब्याज लगायतका रकम तिर्न बुझाउनतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी संस्थासँग गरेको सम्झौताका शर्त कबुलियतहरुको उलङ्घन गरेकोले यो २१ (एक्काइस) दिने सार्बजनिक सूचना, साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र संस्थामा सम्पर्क राखी सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउन बाँकी साँवा, ब्याज, दैदस्तुर समेतको सम्पूर्ण बक्यौदा रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, कर्जाको धितो सुरक्षण लेखाई दिनुहुने धनी जमानीकर्ताहरु लगायत सम्बद्ध सबैमा यसै सार्बजनिक सूचनाद्वारा जानकारी गराइन्छ । उल्लेखित समयावधि भित्र कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम, ऋण नीति एवं अन्य प्रचलित नेपाल कानुनबमोजिम धितो सुरक्षण रहेको तपशिलमा उल्लेखित सम्पति लिलाम बिक्री गरी वा ऋणी सदस्य, जमानतकर्ताको तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथा समेतबाट ऋण असुल प्रक्रियामा लाग्ने खर्च समेत थप गरी कर्जा असुलउपर गर्न आवश्यक कानुनी प्रक्रिया शुरु गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


**तपशिल**

| क्र.सं | ऋणीको नाम/विवरण | ऋणीको फोटो | धनजमानि दिने ब्यक्ति | धितोको विवरण |
|---|---|---|---|---|
| १. | ऋणीको नाम : गायत्री तिमल्सिना<br>पतिको नाम: सानुकान्छा तिमल्सिना<br>ससुराको नाम : प्रेम प्रसाद तिमल्सिना<br>ठेगाना : म.गढी-३ मक्रान्चुली<br>ना.प्र.न : ३१-०१-६९-०२९०५<br>जारी मिति : २०६९/०३/१८, मकवानपुर<br>कर्जाको किसिम : हायर पर्चेज |  | नाम : प्रेम प्रसाद तिमल्सिना<br>बाबुको नाम :नन्दीकेशर तिमल्सिना<br>बाजेको नाम : धर्मानन्द तिमल्सिना<br>ठेगाना : म.गढी-३, मक्रान्चुली<br>ना.प्र.न : १८७८<br>जारी मिति र जिल्ला : २०४०/११/१४, काभ्रेपलान्चोक | निज ऋणीको ससुराको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको हाल मकवानपुर गढी वडा नं ३ साबिकको ४ को जग्गा कित्ता नं ५८४ को क्षेत्रफल १-०-०-० |

**जागरण बचत तथा ऋण सहकारी सस्था लिमिटेड**
**मकवानपुरगढी-३, मक्रान्चुली**


# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

## स्वर्गद्वारी महिला पञ्चेबाजा समूह

हेटौंडा-१, मकवानपुर



हाम्रो सेवाः विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना